# भूमि तथा कृषि अधिकार अभियान
## मासिक अपडेट
## जुलाई, २०१७

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चले जुलाई महिनामा गरेको गतिविधीको संक्षिप्त प्रतिवेदन तयार गरिएको छ ।**

### मुख्य अभियान, क्रियाकलाप र उपलब्धीहरु

### संयुक्त लालपुर्जा

बर्दियामा ७, रौतहटमा ४, दाङ्ग २, सर्लाहीमा १, महोत्तरीमा १, बाँकेमा १ गरी जम्मा **१६** जोडीले संयुक्तपुर्जा बनाएका छन् । संयुक्तपुर्जा बनाईएको जग्गाको क्षेत्रफल **०.७५९३** हेक्टर छ ।

सिन्धुपाल्चोकको हेलम्बु ७ ईचोकमा भूमिमा महिला अधिकार र संयुक्त लालपुर्जा सम्बन्धि भेला भयो । भेलामा सरकारले ल्याएको संयुक्त पुर्जाको नीति र संयुक्त पुर्जा बनाउनको लागी चाहिने आवश्यक कागजातबारे समुदायलाई जानकारी गराईएको छ । भेलामा उपस्थित हेलम्बु गाउँपालिका ६ की पवित्रा चापागाईले संयुक्त पुर्जा बनाएपछि परिवारमा हरेक काम गर्दा सल्लाह हुन थालेको बताईन् । छलफलको सहजीकरण जिल्ला मञ्चको अगुवा कार्यकर्ता पातली थामीले गर्नुभयो । कार्यक्रममा ४० जना महिलाको सहभागिता थियो । छलफलमा हेलम्बु गाउँपालिका, इचोकका ४० जना सहभागी महिला मध्ये २५ जोडीले संयुक्त पुर्जा बनाउनका लागि आवस्यक कागजात संकलन गर्ने र भदौ भित्रमा निर्माण गर्ने प्रतिबद्धता जनाएका छन् । साथै ईचोकको महाकालेश्वरी महिला समुहले भदौ महिना भित्र २५ जोडीको संयुक्त पुर्जा बनाउने योजना बनाई घर दैलो कार्यक्रम गर्न सीता कार्कीको अध्यक्षतामा ५ जनाको समिति बनाएको छ ।



संयुक्त लालपुर्जा भेला ईचोकका सहभागीहरु

जिल्ला भूमिअधिकार मञ्च, बर्दियाको आयोजनामा भूमिमा महिला अधिकारको लागि संयुक्त लालपुर्जा बिषयक अन्तर्क्रिया भयो । कार्यक्रममा मालपोत अधिकृत ठाकुरप्रसाद सिग्देलले संयुक्त पूर्जा नीति सरकारले ल्याएको हुनाले यसका झन्झटिला पक्षलाई समाधान गर्दै अगाडि बढ्नुपर्ने कुरामा जोड दिए । साथै अभियानलाई सफल बनाउन मालपोत कार्यालयले पूर्णरुपमा सहयोग गर्ने प्रतिबद्धता गरे । जिल्ला भूमिअधिकार मञ्चको अध्यक्ष केश बहादुर बि.क.को अध्यक्षतामा भएको अन्तर्क्रियामा जिल्लाका राजनैतिक दलका पदाधिकारी, जिल्ला प्रशासन कार्यलय अधिकृत, मालपोत कार्यलय प्रमुख , जिल्ला भुमि सुधार कार्यलय अधिकृत, नापी शाखा प्रमुख, महिला तथा बालबालिका कार्यालयका प्रतिनिधी, नागरिक समाज सञ्जालका अध्यक्ष, जनजागरण महिला संघका प्रतिनिधी, दलित महिला उत्थानका प्रतिनिधी, गै.स.स.महासंघका अध्यक्ष र थारु महिला उत्थान केन्द्रका प्रतिनिधिहरुको सहभागिता थियो । कार्यक्रममा ८ महिलासहित २७ जनाको सहभागिता थियो।



सरोकारवालासंग सयुक्त लालपुर्जावारे अन्तर्क्रिया कार्यक्रम गुलरिया, बर्दिया

### मोही जग्गा बाँडफाँड अभियान

सिन्धुपाल्चोक ६८, सिराहा ४१, दाङमा ४, बर्दिया ९, सर्लाही ३५ गरी **१५७** मोही किसानले मोही जग्गा बाँडफाँडका लागि मालपोत कार्यालयमा निवेदन दर्ता गरेका छन् ।

जिल्ला भूमि अधिकार मञ्च सर्लाहीको पहलमा चन्द्रनगरका ६ जना (२ जनजाति पुरुष र ४ जनजाती महिला) मोहीहरुले जग्गा बाँडफाँड गरी १.७२७ हेक्टर जग्गा प्राप्त गरेका छन् ।

### गाउँ मञ्च निर्माण

ओखलढुङ्गाको मोलुङ्ग गाउँपालिका वडा नं. १ ढकालगाउँमा १, सिराहाको धनगडी न.पा. १३ मा १, रौतहटको गुजरा गाउँपालिकाको वडा नं. ७ प्रतापपुर पल्टुवाको करबोल टोलमा १ र चन्द्रपुर न.पा.वडा नं. ६ ठोकर टोलमा १ गरी जम्मा **४** वटा गाउँ भूमि अधिकार मञ्च निर्माण भएको छ । उक्त मञ्चहरुमा **२०४** (९२ महिला र ११२ पुरुष) जना सदस्य आबद्ध भएका छन् ।

## स्थानीय स्रोतको उपयोग

जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकले पहलमा इलाका वन कार्यालय मेलम्ची र सुकुटेसँगको समन्वयमा वन कार्यालय मेलम्चीबाट १ हजार विरुवा (चाप ३०० वडर ४०० र तेजपता ३००) प्राप्त गरी सल्लनेनी बजार, नवलपुर, बाँडेगाउँ गाउँको बाँझो जग्गामा गाउँ भूमि अधिकार मञ्चले वृक्षारोपण गरेका छन् ।

## कृषि उद्यम

रसुवाको जिल्लाको कालिकास्थानमा जुलाई २७-२८ तारेख व्यबसायिक काउली खेती तालिम भएको छ । तालिममा ३० जना किसान सहभागी थिए । तालिमको सहजीकरण जिल्ला कृषि विकास कार्यालयका प्राविधिक कर्मचारीहरू सन्तोष पाठक र भिष्म बस्नेतले गर्नुभएको थियो । तालिमबाट किसानहरूले नर्सरी राख्न, जैविक ( पतञ्जली) मल बनाउन, रोग किराको नियन्त्रण तथा काउली बालीको व्यवस्थापन गर्न सिकेका छन् । तालिम पश्चात किसानहरुलाई कृषि सामाग्रीहरु (२ प्याकेट बीउ, १० मिटर सेतो प्लाष्टिक, १०० ग्राम बेविष्टिन, १ कोएल लुज पाइप, हजारी र ५०) लिटरको ड्रम वितरण गरिएको छ । तालिमका सहभागी प्रेम कुमारी घिमिरेले व्यवसायिक काउँली खेती सम्बन्धी तालिमले व्यवस्थितसँग नर्सरी राख्न, विरुवा सार्न, मलजल गर्न, माटोको उपचार गर्न, विशेष गरी पतन्जली मल बनाउँन, रोगकिरा लाग्दा विषादिको प्रयोग गर्ने तरिका सिकेको र यसैअनुसार खेती गर्ने कुरा बताईन् ।




व्यबसायिक काउली खेती तालिमका सहभागीहरु

रसुवाकै उत्तरगया, कालिका र नौकुण्ड गाउँपालिकामा किसानहरूले व्यवसायिकरुपमा सुरु गरेको गोलभेंडा खेतीबाट उत्पादन गरी आम्दानी लिन सुरु गरेका छन् । अघिल्लो वर्षदेखि खेती गर्दै आएका १८२ परिवार यस वर्ष थप भएका ६० गरी २४२ किसानले २/२ वटा टनेलमा व्यवसायिक गोलभेंडा गरिरहेका छन् । केही किसानहरूको भने गोलभेंडा बिक्री गरी आम्दानी लिने प्रक्रिया पनि सुरु भएको छ । यस महिना सङ्कलन गरिएको विवरणअनुसार १६ किसानहरूले २ हजार ७ सय ३२ केजी गोलभेंडा बिक्री गरी १ लाख १८ हजार ४ सय २० रुपियाँ आम्दानी लिएका छन् । किसानहरूले उत्पादन गरेको गोलभेंडा स्थानीय बजार, सङ्कलन केन्द्र र व्यापारीहरूसँग सम्पर्क गरी बिक्री गरिरहेका छन् । कालिकास्थानका व्यापारी जिवनाथ तिमल्सिनाले १८ बर्षदेखि तरकारी, फलफुल बिक्री गर्दै आएकोमा पछिल्लो २ वर्षमा सबैभन्दा धेरै तरकारी उत्पादन भएको कुरा बताउँछन् । साथै काठमाण्डौबाट नभई गाउँकै तरकारी संकलन गरी व्यापार गर्दा उनको व्यापर पनि बढेको उनको भनाई छ । २०७४ साउनमा संस्थाले काठमाण्डौ, ललितपुरमा तरकारी खेती र बजार हेर्ने मौका पाएकोमा उनी खुशी छन् ।

जिल्ला भूमि अधिकार मञ्च सँगको सहकार्यमा १६ सय अलैचीका विरुवा (गैरीथोक गाउँ भूमि अधिकार मञ्चको लागी ९ सय र पखेरा गाउँ भूमि अधिकार मञ्चको लागी ७ सय) वितरण गरिएको छ ।



अलैंचीको विरुवा वितरण तालामाराङ, सिन्धुपाल्चोक

हेलम्बु गाउँपालिका वडा नं. १ को ठुलो ढुङ्गामा चिया खेती सम्बन्धी तालिम भयो । २८ जनाको सहभागीता रहेको उक्त तालिममा चियाको विरुवा रोप्ने, गोडमेल, काटछाँट र संरक्षण गर्ने तरीका बारे अभ्यास गरिएको थियो । तालिम पश्चात ठुलोढुङ्गाका ४२ परिवारले चिया खेती गर्ने योजना बनाएका छन् । चिया खेती शुरुवात गर्न आत्मनिर्भर केन्द्रले ५ हजार विरुवा उपलब्ध गराएको छ । साथै समुदायले थप २५ हजार विरुवा खरिद गरेका छन् ।

मेलम्ची नगरपालिका वडा नं ६  का ३६ घरधुरी कृषकहरुलाई माहुरीको घार उपलब्ध गराईएको छ । पुनर्निर्माण सामुदायिक समितिको योजना र विपन्न परिवार एकिन गरी माहुरी पालक कृषक समुहलाई उक्त घार सहयोग गरिएको हो । सामुदाय र संस्थाको सामुहिक लगानीमा गरिएको उक्त सहयोग पश्चात तामाङ समुदायका ३० घरधुरीले माहुरी पालन शुरु गर्दै आएका थिए । माहुरी पालक कृषक समुहले यसलाई ब्यवसायिक बनाउन योजना बनाएका छन् ।

## अगुवा तथा कार्यकर्ता प्रशिक्षण

रौतहट जिल्ला चन्द्रनगर गाउँपालिकाको वार्ड नं. ७ को नाडीमनमा जुलाई २२ र २३ का दिन २ दिने मोही सम्वन्धी अगुवा प्रशिक्षण भएको छ । प्रशिक्षण शिविरमा मोही जग्गा बाँडफाँड, मोही नामसारी सम्बन्धि सूचना, प्रक्रिया र चाहिने कागजातको बिषयमा छलफल भयो । प्रशिक्षणमा ३० जना अगुवा सहभागी थिए । घरदैलो कार्यक्रम मार्फत मोही किसानलाई सूसुचित गर्ने र तथ्याँक संकलन गर्ने योजना बनेको छ । उक्त प्रशिक्षण कार्यक्रमा २७ जना सहभागी थिए ।

## सरोकारवालासँग सम्वाद

सिन्धपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका ६ र ७ का जनप्रतिनिधिहरुसँग जवाफदेही, पारदर्शिता र पुनर्निर्माणका लागि अन्तरसंम्वाद कार्यक्रमको आयोजना भयो । कार्यक्रममा निर्वाचितहरुले पहिलो प्राथमिकता पुनर्निर्माणलाई दिने प्रतिवद्दता जनाएका थिए । साथै विस्थापित र घर बनाउन जग्गा नहुनेका लागि प्रकृयाहरु अघि बढाउन काम शुरु गर्ने वताउनु भयो । कार्यक्रममा ३१ महिला सहित ५६ जना अगुवाहरुको सहभागिता थियो ।




निर्वाचित जनप्रतिनिधिसंग पारदर्शिता, जवाफदेहिता र पुनर्निर्माण सम्बन्धी अन्तरसम्वाद, ईचोक

रौतहटको चन्द्रपुर नगरपालिका ३ पौराईमा पनि स्थानीय निर्वाचनका पार्टी प्रतिनिधिहरुसंग चुरेवासीका समस्या र समाधानमा पार्टीको भूमिका विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम भयो । कार्यक्रममा नेकपा माओवादी केन्द्रका बुद्ध लामाले चुरे बासीलाई अहिले नै जोतभोगको प्रमाण दिन नसकिने कुरा बताउनु भयो । राज्यले बनाउने नीतिको आधारमा अधिकार दिन सकिने कुरा नेकपा एमालेका भरत देवकोटा र नेपाली काँग्रेसका पदम कुशवारले बताउनु भयो । साथै उहाँहरुले हाईवे भन्दा तल चन्द्रपुर ७ र १२ का ऐलानी जग्गामा बसिरहेका जग्गा बसोबास गर्ने परिवारलाई जोतभोगको प्रमाणपत्र दिने कुरा व्यक्त गरेका छन् । राजनीतिक पार्टी प्रतिनिधिहरुले स्थानीय निकायको चुनाव पश्चात चुरे र ऐलानीबासीको समस्यालाई समाधान गर्न प्रतिवद्धता गरी हस्ताक्षर गरेका छन् । कार्यक्रममा ४३ महिला सहित ७९ जनाको सहभागिता थियो ।



रौतहटको पौराईमा पनि स्थानीय निर्वाचनका पार्टी प्रतिनिधिहरुसंग छलफल

जिल्ला भूमि अधिकार मञ्च बाँकेले स्थानीय तहको निर्वाचन २०७४ मा निर्वाचित नेपालगञ्ज वडा नं. २०, बैजनाथ गाँउपालिकाको प्रमुख, उपप्रमुख तथा वडा नं. १ देखि ८ सम्म, जानकी गाँउपालिका वडा नं. ६, डुडुवा गाँउपालिका वडा नं. ५ लगायतका जनप्रतिनिधिहरुसंग औपचारिक र अनौपचारिक भेटघाट तथा छलफल गरी वास्तविक भूमिहीन, सुकुम्बासीहरुलाई बसोवास तथा जोतभोग तथा बसोवास आधार पत्र उपलब्ध गर्नुपर्ने, आधारभूत सेवा सुविधा सहजरुपमा उपलब्ध गर्नुपर्ने बिषयमा छलफल भएको छ । यस कार्यक्रमले भूमि अधिकारबाट वञ्चित समुदायप्रति जनप्रतिनिधीहरुले आफुले प्राथमिकतामा राखेर काम गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

जिल्ला भूमि अधिकार मञ्च दाङको आयोजनामा राप्ती गाउँपालिकाका अध्यक्ष नुमानन्द सुवेदी, उपाध्यक्ष जगदम्बा चौधरी लगायत वडा अध्यक्षहरु गाउँपालिकाका अध्यक्षहरुलाई वधाई तथा शुभकामना कार्यक्रम आयोजना भयो । कार्यक्रममा अध्यक्ष नुमानन्द सुवेदीले राप्ती गाउँपालिकामा रहेका भूमिहीन, सुकुम्बासी र अव्यबस्थित सुकुम्बासीहरुको लगत लिने त्यसको आधारमा नीतिले दिएको अधिकार अनुसार बसिरहेको जग्गाको पूर्जा दिन्छौं भन्नु भयो । उक्त कार्यक्रममा निर्वाचित पदाधिकारीहरुलाई जिल्लाका भूमी सम्बन्धी समस्याहरु वन क्षेत्रमा वसोवास, अव्यवस्थित वसोवास, गुठीको, ऐलानी जग्गाको आधार प्रमाण पत्र वितरणका बारेमा अवगत गराए । त्यसैगरी गढवा गाउँपालिकामा पनि वधाई तथा शुभकामना कार्यक्रम भयो । गढवा गाउँपालिका अध्यक्ष सहजराम यादव, उपाध्यक्ष शान्ती चौधरी लगायत वडा सदस्यहरुलाई पनि वधाई तथा शुभकामना ज्ञापन गरियो । कार्यक्रममा अध्यक्ष सहजराम यादवले भूमिहीनलाई उठिवास नगर्ने, घर वहाल कर उठाउने तथा भूमिहीनको समस्या समाधान गर्न भूमिअधिकार मञ्चसँग समन्वय गरेर अघि वढ्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।



राप्ती गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र
वडा अध्यक्षलाई वधाई कार्यक्रम



बाँकेको जानकी गाउँपालिकामा वडाध्यक्षसंग
छलफल

**सागरनाथ वन विकास परियोजनाको विषय छलफल**

जिल्ला भूमि अधिकार मञ्चका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र परियोजनाको जमिनमा वसोवास गर्दै आएका सुकुम्वासी, सागरनाथ वन विकास परियोजनको कार्यालयका प्रतिनिधिहरुसंग छलफल गरियो । नेकपा माओवादीका जिल्ला कोषाध्यक्ष विनिता दहालले सागरनाथ वन विकास परियोजनामा खेती गरि आएका सुकुम्वासी किसानहरुले खेती गरिरहेको स्थानबाट ट्याक्टर, मान्छे धरपकड गर्ने, यातना दिने, विभिन्न किसिमका डर त्रास देखाउने काम अमानवीय भएको बताउनुभयो । उहाँले विभिन्न समयमा सागरनाथ वन विकास परियोजनासँग भएको सम्झौताको विषयमा कुरा राख्नु भएको थियो । उक्त छलफलमा सागरनाथ वन विकास परियोजनाका प्रमुख हरिनारायण मण्डलले सागरनाथ वन विकास परियोजनाको विषयमा भएका विभिन्न समयमा भएको सम्झौताको प्रतिलिपिसहित माग पेश गर्न भूमि अधिकार मञ्चलाई अनुरोध गर्नुभयो । उक्त मागको आधारमा सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने जानकारी गराउनु भयो । निकायमा मागलाई दिनुहोस् हामी यो कुरा माथिल्लो निकायसम्म पुर्‍यान सक्छौ साथै सहयोग गर्न पनि सजिलो हुन्छ । छलफलमा ५ महिलासहित १६ जनाको सहभागिता थियो ।

सिराहाको लहान नगरपालिकाको वडा नं. २४ गोविन्दापुर, खरौरीयामा साउन ५ गते सुरक्षित आवास र न्यायिक ज्याला पाउनुपर्ने माग राखर अयिान गरेका छन् । खरौरारीयाका १४ परिवार मुसहरले सुरक्षित बसोबासको व्यबस्थापन र सरकारी दररेट ५०० रुपैयाँ ज्याला पाउनु पर्ने माग राखेका हुन् । उनीहरुले हाल २०० रुपैयाँमात्र ज्याला पाईरहेका छन् । साथै नगरपालिकामा आएको गरिबहरुको सशक्तिकरणको लागि बजेटको विनियोजन हुनु पर्ने, नागरिकता दिनुपर्ने विषयमा छलफल भयो । छलफलमा सहभागि वडा प्रतिनिधि सुलेख महतोले पिडितले न्याए पाउनु पर्ने बताए । स्वास्थ्य चौकी प्रमुख गंगा शाहले सुकुमवासीलाई स्थानिय निकायले व्यवस्था गर्नु पर्नेमा

जोड दिए । माओवादी केन्दाका नथुनी महतोले सुकुमवासीहरुको लागि पनि वजेट छुटयाउनु पर्ने बताए । कार्यक्रममा महिला ९२ सहित १४० को सहभागिता थियो ।



सुरक्षित बास र न्यायोचित ज्यालाको दररेटसम्बन्धि प्रतिवद्धता



सुरक्षित बास र न्ययोचित ज्यालाबारे छलफल

### संघर्षको फल मिल्यो



साविकको हाकु गाविस वडा नं २ हालको पार्वतीकुण्ड गाउँपालिका वडा नं २ का ९० जनाले गुठी जग्गाको मोही पूर्जा पाएका छन् । त्यस मध्येका ५२ वर्षिया तेम्बादर्के तामाङ
भन्छन्, हामी सुकुमबासी जस्तै थियौं, विजुली वत्ति बाल्नको लागि पनि पुर्जा चाहिन्छ भनियो, त्यसपछि भूमि अधिकार मञ्चमार्फत हामीले धेरै पटक जिल्ला प्रशासन कार्यालय, विद्युत प्राधिकरण कार्यालयमा समेत डेलिगेसन गई धर्ना बसेपछि ३ वर्ष पहिले मात्र विजुली वत्ति गाउँमा ल्याउन सकिएको हो ।

वर्षौदेखि जोतभोग, त्यसको स्याहार संरक्षण गर्ने चाहिँ किसान तर, जग्गाधनी भने काठमाडौंको स्यम्भु घ्याङ् गुठी । जमिन नहुनुको समस्या त छँदै थियो त्यसमाथि गुठीका लामाहरूलाई अन्नपात, मासु, पैसा बोकेर स्वयम्भुसम्म पुऱ्याउनु जानु पर्थ्यो । यो अन्याय भयो भन्दै भूमि अधिकार मञ्चको अभियानमा सङ्गठित भई २०६२ सालदेखि सङ्गठित भएर लाग्यौं । धेरै वर्षपछि १०६ रोपनी जग्गाको मोही पुर्जा प्राप्त भयो । जीवनमा सबैभन्दा ठूलो उपहार पाएजस्तै खुसी भएको छु।

## सिपबाट स्वरोजगार बन्न सकिन्छ

२९ वर्षको भएँ ।१ छोरी, ३ छोरा, श्रीमती गरी ६ जना छौं ।१ रोपनी जमिन छ । जीविका चलाउन समस्या भएर ३ वर्ष विदेशीएँ । फर्कदा घरको छाना चुहिएर भत्कन लागेछ । ३ वर्षको अवधीमा ६ लाख कमाएर ल्याएकोमा २ लाखको घरेडी किनें । बाँकी पैसाले सानो घर बनाए । घर बनाएको २ वर्ष नपुग्दै २०७२ वैशाख १२ गतेको भुकम्पले भत्कियो । ज्याला मजदुरी गरेर परीवार पालेको छु ।



भूकम्प पश्चात अस्थाई आवास वनाउने काम गर्दा गर्दै डकर्मी काम सिक्कें । प्रमाणपत्र नभएकाले भुकम्प प्रतिरोधि घर वनाउन स्वीकृति नभए पछी गैर सिपको काम थालें । एक्सनएड नेपाल र आत्मनिर्भर केन्द्रको साझेदारीमा सञ्चालन गरिएको CTEVT ७ दिने डकर्मी तालीममा सहभागी हुने मौका पाएँ । तालिममा जग हाल्ने, टाईपिङ कस्ने, ढूङ्गा छनौट गर्ने, झ्याल ढोकामा पट्टी वाध्ने तरीकाहरु सिकें । तालिम पश्चात घर वनाउन वोलाउनेको संख्या बढ्दै गयो । खाली वस्न परेको छैन । महिनामा ३० देखि ३५ हजारसम्म आम्दानी हुन थालेको छ । विदेशमा भन्दा स्वदेशमा आफ्नो परीवारसँग वसेर काम गर्दा खुशि लागेको छ । आफुजस्तै अरु युवालाई सिप सिकौं, स्वरोजगार वनौं भन्ने सल्लाह दिन्छु । तालिम पश्चात भूकम्पले हैन हामीले बनाएका संरचना कमजोर भएर बढी क्षती भएको महसुस गरेको छु ।

*- केशर बहादुर दर्जी*
*मेलम्ची नगरपालिका-६, सिन्धुपाल्चोक*